# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- ०५**

मिति २०८०।०२।२९

## छलफल तथा निर्णय

**निर्णयहरु**

१. समितिका सचिव श्री युबराज जैशीले चालु आ.व. ०७९।०८० मा प्रदेश सभा सचिवालयको स्विकृत बार्षिक बजेट तथा कार्यक्रममा अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिका लागि विनियोजित कार्यक्रममा भएको बजेट सम्बन्धमा समितिका माननीय सदस्यहरुलाई जानकारी गराएपश्चात समितिका लागि विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा समितिमा भएको छलफलबाट प्रदेश सरकारको आगामि आ.व. ०८०/०८१ को बजेट बक्तव्य प्रदेश सभामा प्रस्तुत भएपश्चात प्रदेश सभा सचिवालयको समन्वयमा उपयुक्त समय तय गरी अर्थ विकास तथा प्राकृतिक श्रोत समितिका सदस्यहरु तथा समिति सचिवालयका कर्मचारीहरु सहितको टोलि गण्डकि प्रदेश, लुम्विनि प्रदेश र बाग्मति प्रदेशको प्रदेश सभाका समितिहरुले गरेका कामकारवाहीका सम्बन्धमा अनुभव आदान प्रदान गर्ने र तत् तत् प्रदेश सरकारले त्यहाँ भएका पर्यटन क्षेत्रको प्रवर्द्धनको मोड्युल तथा सिकाई आदानप्रदानका लागि मिति २०८० साल असार २ गते पश्चात अन्तर प्रदेश भ्रमणको कार्यक्रम तयार गर्न समिति सचिवलाई निर्देशन दिने निर्णय गरियो।

२. निर्णय नं.१ मा उल्लेखित कार्यक्रम सञ्चालन गर्नका लागि चालु आ.व. ०७९/०८० को स्विकृत बजेट तथा कार्यक्रममध्ये प्रदेश सभा (ब.उ.शि.नं. २०२०००११३) को खर्च शिर्षक २२५२२ खर्च संकेत २.७.५.९-अन्तर प्रदेश भ्रमण (अर्थ, विकास तथा प्राकृतिक श्रोत समिति) मा विनियोजित रकम अपुग हुने भएको र सोहि खर्च शिर्षक भित्रकै खर्च संकेत २.७.५.२१-विधेयक उपर राय सुझाव संकलन (अर्थ, विकास तथा प्राकृतिक स्रोत समिती) मा विनियोजित रकम रु.१० लाख यस वर्ष खर्च नहुने भएकोले आवश्यक प्रक्रिया पुरा गरी समितिलाई उक्त खर्च संकेत २.७.५.२१ मा भएको रकम खर्च संकेत २.७.५.९ मा रकमान्तर गरी बजेट उपलब्ध गराउनका लागि प्रदेश सभा सचिवालयलाई लेखि पठाउने निर्णय गरियो ।